apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २२० ● पृष्ठ: ४ ● १० भदौ २०८३ बुधबार (26 August 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## प्रधानमन्त्रीसँग प्रश्नोत्तर: सीमालगायतका विषयमा सोध्नेछन् सांसदले प्रश्न

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०९ गते**

सांसदहरूले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)लाई सीमा लगायतका विषयमा संसद्मा प्रश्न सोध्ने भएका छन् ।

प्रधानमन्त्रीलाई सोधिने प्रश्नहरू तयार भएका छन् । तर, बुधबार प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री सँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम सञ्चालन हुँदैगर्दा मात्रै ती विषय सार्वजनिक हुनेगरी व्यवस्थापन गरिएको संसद् सचिवालयले जनाएको छ ।



प्रश्नकर्ता सांसदहरूको नाम सार्वजनिक भएको छ । तर, उनीहरूलाई के कस्ता प्रश्न छन्, भनेर सञ्चारमाध्यम र सार्वजनिक रूपमा राख्न बन्देज गरिएको छ ।

'प्रधानमन्त्रीसँगको प्रश्नोत्तर जीवन्त होस्' भन्ने ध्येयले नै प्रश्नसँग सम्बन्धित विषयलाई व्यवस्थित गरिएको संसद् सचिवालयका अधिकारीहरू बताउँछन् ।

'राष्ट्रियताको सन्दर्भ, सीमाना सम्बन्धी विषय, सरकारको कामकारबाही र त्यसका शैलीमा प्रश्न छन्', स्रोतले भन्यो, 'सांसदहरूले विषयकेन्द्रित भएरै प्रश्न दर्ता गरेका छन् ।'

प्रतिनिधिसभा नियमावलीको नियम ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम सम्बन्धी व्यवस्था छ ।

जहाँ भनिएको छ, 'प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्ष रुपमा सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्न सोध्नको लागि सभामुखले प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्नेछ ।'

यसअनुसार सभामुख डोल प्रसाद अर्याल (डीपी)ले उनले बुधबारका लागि प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम तय गरेका हुन् ।

सभामुख अर्यालले प्रधानमन्त्री बालेनलाई प्रश्न सोध्न चाहने सांसदहरूलाई भदौ ५ गतेभित्र प्रश्न दर्ता गर्न समय दिएका थिए । त्यसअनुसार ११ जना सांसदले प्रश्न दर्ता गरेका छन् ।

प्रश्नकर्ता सांसदहरूमा सत्तारुढ

बाँकी पृष्ठ ३ ▶▶

## न्युजिल्यान्डका अलराउन्डर जिम्मी निसमले फेरि जनकपुरबाट एनपिएल खेल्ने

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०९ गते**

न्युजिल्यान्डका अलराउन्डर जिम्मी निसम जनकपुर बोल्ट्समा फर्किएका छन् ।

जनकपुर बोल्ट्सबाट आउँदो सिजनको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटका लागि मंगलबार आफ्नो समाजिक प्लेटफर्मबाट ३५ वर्षे निसमलाई अनुबन्ध गरेको जनाएको छ ।

निसमले २०२४ को पहिलो सिजनमा जनकपुरलाई च्याम्पियन बनाउन महत्वपूर्ण भूमिका खेलेका थिए । सोक्रममा उनले ९ खेलमा १९६ माथिको स्ट्राइक रेट र ३५ माथिको औषतमा २४७ रन बनाएका थिए । सबैभन्दा ठुलो स्ट्राइक रेटमा रन बनाएको कारण उनलाई पहिलो सिजनको एनपिएलमा वेस्ट स्ट्राइक रेटको अवार्ड दिइएको थियो ।

पहिलो सिजनको एनपिएलमा निसमले जनकपुरबाट खेल्दै ७ विकेट पनि लिएका थिए । जनकपुरबाट 'क्याप' खेलाडीको कोटामा खेलेका उनी समर्थकमाझ निकै लोकप्रिय छबि बनाएका थिए ।



'जिम्मीले मैदानमा मात्र होइन, हाम्रा समर्थकहरुको मनमा पनि विशेष स्थान बनाएका छन्, उनको निष्ठा र जनकपुर बोल्ट्ससँगको सम्बन्ध आफैंमा एउटा सुन्दर कथा हो । च्याम्पियन बनेको पहिलो सिजनको त्यो नायक आज फेरि आफ्नै घर फर्किएका छन् ।' निरोज खतिवडा, प्रमुख कार्यकारी अधिकृत, जनकपुर

बाँकी पृष्ठ ४ ▶▶

## गागनखोलामा वृद्धाको शव फेला



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०९ गते**

सिरहाको गोलबजार नगरपालिका- ३, गागनखोला पुलनजिक वृद्धा महिलाको बेवारिसे शव फेलापरेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मंगलबार मध्याह्न करिब १२ बजेतिर गागनखोला पुलदेखि दक्षिणतर्फ पश्चिमी किनारमा अन्दाजी ७० वर्षीया वृद्धाको शव घोप्टो अवस्थामा फेलापरेको हो ।

मृतक वृद्धा नरहा गाउँपालिका-३, खोरिया गाउँका मो. अबु खानकी श्रीमती रहेको प्रहरीले जनाएको छ । घरमा बुहारीसँग सामान्य विवाद भएर सोमबार दिउँसो घरबाट निस्किएकी भनिएकी वृद्धा साँझसम्म घर नफर्किएपछि खोजतलास गर्ने क्रममा स्थानीयले पुलनजिक महिलाको शव फेलापरेको भन्ने जानकारी दिएलगत्तै गोलबजारस्थित इलाका प्रहरी कार्यालयबाट प्रहरी खटाइएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षका रमेशबहादुर पालले जानकारी दिए ।

उनका अनुसार घटनास्थलमा खटाइएको प्रहरी सहायक निरीक्षक पुस्करप्रसाद घिमिरेको टोलीले शव भेटिएको यकिन गरेलगत्तै पुन: थप अनुसन्धानका लागि प्रहरी निरीक्षक दीपक खरेलको कमान्डमा प्रहरी टोली परिचालन गरिएको छ ।

खोला किनारमा वृद्धा मृत अवस्थामा भेटिएको जानकारी पाएपछि गाउँले र

बाँकी पृष्ठ ३ ▶▶

**मधेश प्रदेश**

## मधेशवादी दललाई सरकार बाहिर राख्न कांग्रेस, एमाले र नेकपा एकमत

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०९ गते**

प्रदेश सरकारमा कांग्रेस-एमाले गठबन्धन भत्किएपछि त्यसको प्रभाव ६ वटा प्रदेशमा परेको छ । मधेशमा भने अहिले पनि नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीबिचको गठबन्धन कायम छ ।

अन्य ६ वटा प्रदेशमा एमाले र नेपाली कम्युनिस्ट पार्टीबिचको गठबन्धनका आधारमा राजनीतिक कोर्ष अघि बढ्दा मधेशमा भने कांग्रेसको विकल्प खोजिएको छैन ।

मधेश प्रदेश सभामा जनता समाजवादी पार्टी नेपाल सबैभन्दा ठुलो दल छ । कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीबिचको गठबन्धन सरकार कायम रहेका कारण जसपा नेपाल प्रतिपक्षको भूमिकामा छ । अग्रगामी मोर्चामा रहेको जसपा नेपालले सरकारमा नजाने निर्णय गरिसकेको छ ।

नेपाली कांग्रेसका नेता महेन्द्र यादवले अरु प्रदेशमा कांग्रेस-एमालेको गठबन्धन भत्किए पनि मधेश प्रदेशमा नभत्किने दाबी गरे । मधेशमा कांग्रेस, एमाले र नेकपाकै सरकार रहने बताउँदै उनले तीन प्रमुख दल सरकारमा रहेकाले बलियो विपक्षी दल आवश्यक पर्ने र यो भूमिकामा जसपा नेपाल रहने प्रस्ट पारे ।

यादवले भने, 'कांग्रेस-एमालेले मात्र होइन, नेकपाले पनि मधेशवादी दललाई सरकारको नेतृत्व दिन चाहेको

बाँकी पृष्ठ ४ ▶▶

## मधेशमा गत वर्ष ८२१ उद्योग बन्द

**जनकपुरधाम, भदौ ०९ गते ।** आर्थिकमन्दीलगायतका कारणले मधेस प्रदेशमा गत आर्थिक वर्ष २०८२/८३ मा उद्योग र वाणिज्यतर्फका एक हजार ९३८उद्योग व्यापार बन्द भएका छन् ।

मधेश प्रदेश सरकार उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयकाअनुसार गत आव २०८२/८३ मा उद्योगतर्फ ८२१ र वाणिज्यतर्फका एक हजार ११७ गरी एक हजार ९३८उद्योग व्यवसायको लगत कट्टा भएको छ ।

गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशमा पाँच हजार ६८ वटा नयाँ उद्योग दर्ता भएको छ ।

सो अवधिमा पर्सामा एक हजार १०१, धनुषामा ७७७, बारामा ६३९, सर्लाहीमा ६३६, सिरहामा ५५४, रौतहटमा ५३३, महोत्तरीमा ५१४ र सप्तरीमा ३१४ वटा नयाँ उद्योग दर्त्ता भएको मन्त्रालयका सूचना अधिकारी उपेन्द्रकुमार महतोले जानकारी दिए । गत आव २०८२/८३ मा सात हजार ५४० वटा उद्योगको नवीकरण भएको छ ।

बाँकी पृष्ठ ३ ▶▶

## घरभित्रै जलेर महिलाको मृत्यु

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०९ गते**

सिरहाको मिर्चैया नगरपालिका-५ को पुरानो बजारस्थित घरमा आगलागी हुँदा एक महिला मृत्यु भएको छ । मृत्यु हुनेमा रञ्जितकुमार महतोकी श्रीमती करिब ३० वर्षीया विभा पूर्वे रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मंगलबार बिहान करिब ११:३५ बजे महतोको दुई तल्ले पक्की घरमा आगलागी भएको थियो । आगलागीबारे स्थानीयले प्रहरीलाई ११:४० बजे खबर गरेका थिए ।

तत्कालै प्रहरी नायब उपरीक्षक पुरुषोत्तमप्रसाद पाण्डेको कमान्डमा टोली खटिएको थियो । प्रहरीले घरभित्रै उनको शव फेला पारेको हो । आगलागीबाट उनको शरीरको अधिकांश जलेको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

आगलागीको कारणबारे अनुसन्धान जारी रहेको प्रहरीको भनाइ छ । घटनाको थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सिरहाबाट प्रहरी उपरीक्षक बासुदेव पाठकको कमाण्डको टोली, मिर्चैया सरकारी अस्पतालका चिकित्सक तथा विद्युत् प्राविधिसहितको टोली घटनास्थल पुगेको थियो ।

शव पोस्टमार्टमका लागि धरान पठाउने त्यारी गरिरहेको प्रहरीको भनाइ छ ।






**बाल अधिकारको संरक्षण गरौं**

- बालबालिकाको अधिकारको सम्मान गरौं ।
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं ।
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं ।
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं ।
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं ।
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं ।
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं ।

**समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# १७३ संघीय सांसदले गरिसके स्वकीय सचिव नियुक्ति, १४२ ले छान्दैछन्

**३० असारमा बसेको मन्त्रिपरिषद् बैठकले तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारले गरेको निर्णय उल्ट्याएर सांसदहरूलाई शाखा अधिकृत स्तरको सेवासुविधा उपलब्ध हुने गरी स्वकीयको सुविधा ब्युँत्याएको थियो ।**




संघीय संसद्अन्तर्गत प्रतिनिधिसभा २७५ सदस्यीय छ भने राष्ट्रिय सभा ५९ सदस्यीय छ। दुवै सदनका कूल ३३४ जना सांसदले स्वकीय सचिवको सुविधा पुनः प्राप्त गरेको एक महिना बढी भयो।

३० असारमा बसेको मन्त्रिपरिषद् बैठकले तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारले गरेको निर्णय उल्ट्याएर सांसदहरूलाई शाखा अधिकृत स्तरको सेवासुविधा उपलब्ध हुने गरी स्वकीयको सुविधा ब्युँत्याएको थियो।

यो निर्णय ४ साउनमा नेपाल राजपत्रमा प्रकाशित भयो । ५ साउनमा संघीय संसद् सचिवालयले सूचना निकालेर सांसदहरूलाई स्वकीय सचिव नियुक्त गर्न र त्यसको जानकारी संसद् सचिवालयलाई गराउन भन्यो।

त्यसयता सांसदहरूले स्वकीय सचिव नियुक्त गर्न थाले। ९ भदौसम्म १७३ जना सांसदले स्वकीय सचिव नियुक्त गरेका छन् । १४२ जना सांसदले स्वकीय नियुक्त गर्न बाँकी छ।

१७३ जनामा संघीय संसद् सचिवालयका पदाधिकारीहरूको संख्या समावेश छ। तर १७ जना मन्त्रिपरिषद् सदस्यको संख्या समावेश छैन।

राष्ट्रिय सभामा दुई सिट रिक्त छ। यसरी स्वकीय राख्न बाँकी सांसद (पदाधिकारीसहित) १४२ जना रहेका छन् । संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐनले पदाधिकारीको परिभाषा गरेको छ।

जसअन्तर्गत सभामुख डोलप्रसाद अर्याल, उपसभामुख रुवी ठाकुर, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, राष्ट्रिय सभाका उपाध्यक्ष लिलाकुमारी भण्डारी छन्।

विपक्षी दलका नेता भीष्मराज आङदेम्बे, सत्तापक्षका मुख्य सचेतक कविन्द्र बुर्लाकोटी, विपक्षी दलका प्रमुख सचेतक वासना थापा पदाधिकारी हुन्।

दलको प्रमुख सचेतकअन्तर्गत नेकपा एमालेका प्रमुख सचेतक ऐनबहादुर महर, नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल, सत्तापक्षका सचेतक प्रकाशचन्द्र परियार, विपक्षी दलका सचेतक निश्कल राई पदाधिकारी हुन्।

यसबाहेक संघीय संसद्अन्तर्गत १६ वटा विषयगत समिति छन्। १६ वटै समितिका सभापति पनि पदाधिकारी हुन् । यीमध्ये कतिपय पदाधिकारीले समेत स्वकीय सचिव नियुक्त गर्न बाँकी छ।

**किन ढिलाइ ?**

रास्वपा सचेतक क्रान्तिशिखा धिताल सांसदहरूले स्वकीय सचिव नियुक्त गर्ने प्रक्रियामै रहेको बताउँछिन् । उनका अनुसार दुई कारणले स्वकीय नियुक्तिमा केही ढिलो भएको छ।

**पहिलो:** रास्वपाले सांसदहरूको स्वकीय नियुक्ति प्रक्रिया तय गरेको छ। जसमा मेरिटोक्रेसीबाट स्वकीय सचिव ल्याउने भनिएको छ। यसमा एकदमै चिन्दै नचिनेका व्यक्तिसमेत आउने भए । यस्तो प्रक्रियामार्फत आएका व्यक्तिको काम हेर्न सांसदहरूले १५/२० दिन इन्टर्नमा राखेका छन्।

**दोस्रो:** रास्वपाले सांसदका स्वकीय कस्तो हुनुपर्छ भनेर मापदण्ड बनाएको छ । मापदण्डअनुसार विश्वासिलो व्यक्ति ल्याउँदै गर्दा सकेसम्म नजिकका नातेदार नराख्ने भन्ने छ। यो कति सम्भव हुन्छ भनेर पनि हेर्दै छ।

रास्वपाले सांसदहरूको स्वकीय सचिव नियुक्ति तथा व्यवस्थापन सम्बन्धी आन्तरिक निर्देशन नै जारी गरेको छ।

८ साउनमा रास्वपा महामन्त्री विपिनकुमार आचार्यले जारी गरेको निर्देशनमा नातावाद र परिवारवादको परिधिभन्दा बाहिरबाट मात्र प्रविधिमैत्री क्षमता, अनुसन्धान कौशल र पार्टीको मूल्य-मान्यताप्रति निष्ठावान व्यक्तिलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ।

समावेशितालाई प्रोत्साहन दिन, दोहोरो सुविधा वा कुनै पनि स्वार्थ बाझिने उम्मेदवार मुक्त हुन तथा छनोट, नियुक्ति तथा अनुमोदन प्रक्रिया प्रतिस्पर्धात्मक बनाउन भनिएको छ।

साथै, स्वकीय सचिवका लागि उम्मेदवार छनोट गरेपश्चात् नियुक्तिका लागि रास्वपा संसदीय दलबाट स्वीकृति लिन अनिवार्य गरिएको छ। निर्देशनमा भनिएको छ, 'पार्टीका सम्पूर्ण सांसदहरूले उच्च नैतिक आचरण र जनउत्तरदायित्व प्रस्तुत गर्नु पर्नेछ।'

अर्थात्, स्वकीय सचिव नियुक्तिको प्रक्रिया, संसदीय दलबाट लिनुपर्ने स्वीकृति र आफूले राखेको स्वकीय सचिवको विश्वास आर्जन गर्ने क्रम चलिरहेकोले रास्वपाका कतिपय सांसदहरूले स्वकीय सचिव नियुक्त गरेर यसको जानकारी संसद् सचिवालयलाई दिन बाँकी छ।

२७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाका मात्रै १८२ जना सांसद छन् । यसबाहेक प्रतिनिधिसभामा नेपाली कांग्रेसका ३८, नेकपा एमालेका २५, नेपाली कम्युनिस्ट पार्टीका १७, श्रम संस्कृति पार्टीका ७, राष्ट्रिय प्रजातन्त्र पार्टीका ५ जना सांसद र एक जना स्वतन्त्र (महावीर पुन) रहेका छन्।

**कांग्रेसको आफ्नै मापदण्ड**

कांग्रेसकी प्रमुख सचेतक वासना थापा पनि स्वकीय नियुक्तिको प्रक्रिया जारी रहेको बताउँछिन्।

'आफूलाई सहज हुने गरी सांसदहरूले राख्नुभएकै व्यक्तिको मापदण्ड पूरा हुँदा उहाँहरू नै रहनुभएको छ। कतिपयको हकमा पार्टीले सहजीकरण पनि गरिदिएको छ,' उनी भन्छिन्, 'एउटा मापदण्ड छ। मापदण्डअनुसार नियुक्ति गर्नुपर्ने पनि छ।'

कांग्रेसले प्रतिनिधिसभा र राष्ट्रिय सभा सदस्यका लागि स्वकीय सचिव नियुक्तिको आफ्नै मापदण्ड तय गरेको छ।

संसदीय अध्ययन, कानुन निर्माण, नीति विश्लेषण तथा निर्वाचन क्षेत्रसँगको समन्वयलाई थप प्रभावकारी बनाउन भनेर संसदीय दलले 'स्वकीय सचिव नियुक्तिसम्बन्धी कार्यविधि, २०८३' नै बनाएर लागु गरेको छ।

कार्यविधिले कानुन, राजनीति, अर्थशास्त्र, सार्वजनिक प्रशासन, पत्रकारिता, सूचना प्रविधि, आमसञ्चार, कृषि, इन्जिनियरिङ, स्वास्थ्य, व्यवस्थापन वा सम्बन्धित विषयमा अध्ययन गरेका व्यक्तिलाई प्राथमिकता दिएको छ।

कार्यविधिअन्तर्गत स्वकीय सचिवका लागि छुट्टै आचारसंहितासमेत निर्धारण गरेको छ। जसमा पदको दुरुपयोग वा व्यक्तिगत लाभका लागि प्रभाव प्रयोग गर्न नपाइने, गोप्य सूचना सार्वजनिक गर्न निषेध गरिने तथा स्वार्थ बाझिने गतिविधिमा संलग्न हुन नपाइने व्यवस्था छ।

सांसद, संसद्, पार्टी तथा सार्वजनिक संस्थाको गरिमा कायम राख्दै कानुन, संसदीय मर्यादा र संस्थागत मूल्य-मान्यताअनुसार जिम्मेवार र सेवामुखी व्यवहार गर्नुपर्ने दायित्व कार्यविधिले निर्धारण गरेको छ।

कार्यविधिअनुसार स्वकीय सचिवको कार्यसम्पादनको नियमित मूल्यांकन हुनेछ । मूल्यांकन गर्दा जिम्मेवारीको प्रभावकारी कार्यान्वयन, कार्यको

बाँकी पृष्ठ ३ ▶▶

## सम्पादकीय...

### सरकारी परिसरमा निजी व्यवसायको बेथिति

सरकारी कार्यालय नागरिकलाई सेवा दिने सार्वजनिक संस्था हुन्। त्यस्ता कार्यालयका भवन, परिसर र जग्गा राज्यको सम्पत्ति हुन् र तिनको उपयोग सार्वजनिक प्रयोजनकै लागि हुनुपर्छ। तर सिरहा सदरमुकामस्थित भूमिप्रशासन कार्यालयको कम्पाउण्डभित्र वर्षौंदेखि टहरा बनाएर होटल, फोटोकपी तथा अन्य निजी पसल सञ्चालन भइरहेको विषयले राज्यको सम्पत्ति व्यवस्थापनप्रतिको गम्भीर प्रश्न उठाएको छ। सरकारी कार्यालयको परिसरमा निजी व्यवसाय सञ्चालन हुनु आफैंमा अवैधानिक हो भनेर निष्कर्ष निकाल्नुअघि त्यसका लागि कुनै वैधानिक अनुमति, सम्झौता वा प्रचलित प्रक्रियाको पालना भएको छ कि छैन भन्ने स्पष्ट हुन आवश्यक छ। तर लामो समयदेखि संरचना प्रयोगमा रहे पनि ती टहरा कसले, कुन निर्णयका आधारमा र कुन प्रक्रियाबाट निर्माण गर्‍यो भन्ने विषय नै अस्पष्ट हुनु अझ गम्भीर समस्या हो। सरकारी सम्पत्तिको प्रयोगमा पारदर्शिता र जवाफदेहिता अनिवार्य हुन्छ। कार्यालय परिसरमा रहेका यस्ता संरचना हटाउने प्रयास यसअघि पनि भएको छ। यदि ती संरचना कार्यालयको प्रयोजनसँग असम्बन्धित छन् र वैधानिक आधारबिनै सञ्चालनमा छन् भने हटाउन किन कठिनाइ भयो ? कसको दबाब वा स्वार्थले सार्वजनिक सम्पत्तिको व्यवस्थापनमा अवरोध सिर्जना गरिरहेको छ ? यी प्रश्नको जवाफ सम्बन्धित निकायले दिनैपर्छ।

सरकारी कार्यालयको परिसर कुनै व्यक्ति वा समूहको व्यापारिक थलो बन्न दिनु हुँदैन । यसले सरकारी सम्पत्तिमाथिको अतिक्रमणलाई प्रोत्साहन गर्नुका साथै कार्यालयको सौन्दर्य, सुरक्षा, सेवाप्रवाह र प्रशासनिक वातावरणमा समेत असर पार्न सक्छ। आज एउटा कार्यालयको परिसरमा टहरा बनाएर पसल सञ्चालन गर्न छुट दिइयो भने भोलि अन्य सरकारी कार्यालयमा पनि यस्तै प्रवृत्ति दोहोरिन सक्छ। सरकारी तथा सार्वजनिक जग्गा संरक्षण गर्ने दायित्व बोकेको राज्य आफैंले आफ्नो कार्यालय परिसरमा भएको बेथितिप्रति आँखा चिम्लनु विडम्बनापूर्ण हो। गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरूलाई अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान, संरक्षण र व्यवस्थापनका लागि निर्देशन दिँदै आएको अवस्थामा सिरहामा देखिएको यो समस्या झन् गम्भीर रूपमा लिनुपर्छ। ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा पहिचान गरी अतिक्रमण हटाउने योजना माग गर्न निर्देशन दिएको सन्दर्भमा सम्बन्धित निकायले आफ्नै कार्यालय परिसरबाट सुधारको सुरुवात गर्नुपर्छ।

भूमिप्रशासन कार्यालयले परिसरभित्र रहेका सबै संरचनाको अभिलेख तयार गर्नुपर्छ। ती संरचना निर्माण तथा व्यवसाय सञ्चालनका लागि कुनै स्वीकृति वा सम्झौता भएको भए त्यसको कानुनी आधार सार्वजनिक गर्नुपर्छ। अनुमति नभएका वा म्याद सकिएका संरचना भए निश्चित समयसीमा तोकेर हटाउनुपर्छ। आवश्यक परे जिल्ला प्रशासन कार्यालय, स्थानीय तह तथा सम्बन्धित सुरक्षा निकायको समन्वयमा अतिक्रमण हटाउने प्रक्रिया अघि बढाउनुपर्छ। साथै, सरकारी जग्गा र कार्यालय परिसरको संरक्षणका लागि नियमित अनुगमन, स्पष्ट अभिलेख र जिम्मेवार अधिकारीको जवाफदेहिता सुनिश्चित गरिनुपर्छ। सरकारी सम्पत्तिको दुरुपयोग भएको पाइएमा त्यसमा संलग्न व्यक्ति वा निकायमाथि प्रचलित कानुनअनुसार कारबाही हुनुपर्छ।

सिरहाको यो विषय एउटा कार्यालयमा रहेका केही टहरा हटाउने विषय मात्र होइन । यो राज्यको सम्पत्ति कसका लागि हो, त्यसको संरक्षण कसले गर्छ र सार्वजनिक स्रोतको प्रयोगमा कानुनी शासन कति प्रभावकारी छ भन्ने प्रश्न हो। सरकारी कार्यालय निजी व्यापारको आश्रयस्थल बन्ने अवस्था अन्त्य नगरेसम्म सुशासन र सार्वजनिक सम्पत्ति संरक्षणका कुरा खोक्रा नारामात्र बन्नेछन् । त्यसैले सम्बन्धित निकायले अब ढिलाइ नगरी कानुनी आधार जाँचोस्, अनधिकृत संरचना हटाओस् र सरकारी परिसरलाई सार्वजनिक सेवाका लागि व्यवस्थित बनाओस्। सिरहामा सरकारी सम्पत्तिमाथिको बेथितिको अन्त्य सरकारी कार्यालयबाटै सुरु हुनुपर्छ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क ०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | PLI१३३०००५४१७ | घनिता श्रेष्ठ | कटारी न.पा. ०४,उदयपुर |

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## आजको राशिफल

**मेष :** नयाँ अवसरले तपाईंलाई उत्साहित बनाउन सक्छ। काममा मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ।

**बृष :** धैर्य र संयमका साथ काम गर्नु राम्रो हुनेछ। रोकिएका काम बिस्तारै अघि बढ्न सक्छन्।

**मिथुन :** आज तपाईंको बोली र व्यवहारले सबैको मन जित्नेछ। नयाँ व्यक्तिसँग महत्वपूर्ण भेटघाट हुन सक्छ।

**कर्कट :** भावनात्मक निर्णय लिन हतार नगर्नुहोस्। परिवारबाट राम्रो साथ र सहयोग मिल्नेछ।

**सिंह :** आत्मविश्वासका साथ अगाडि बढ्ने दिन हो। कार्यक्षेत्रमा तपाईंको प्रतिभाको प्रशंसा हुनेछ।

**कन्या :** अधुरा काम पूरा गर्ने राम्रो अवसर मिल्नेछ। मेहनतको प्रतिफल पाउन केही धैर्य गर्नुपर्नेछ।

**तुला :** सामाजिक क्षेत्रमा तपाईंको सक्रियता बढ्नेछ। साथीभाइसँग रमाइलो समय बित्ने सम्भावना छ।

**वृश्चिक :** गोप्य योजना वा निर्णयमा सावधानी अपनाउनुहोस्। काममा सफलता पाउन अतिरिक्त मेहनत गर्नुपर्नेछ।

**धनु :** यात्राको सम्भावना बन्न सक्छ। नयाँ ज्ञान वा सीप सिक्ने राम्रो अवसर मिल्नेछ।

**मकर :** जिम्मेवारी बढ्न सक्छ, तर त्यसबाट राम्रो उपलब्धि पनि मिल्नेछ। आर्थिक पक्षमा सुधार आउने संकेत छ।

**कुम्भ :** आज नयाँ सोच र सिर्जनात्मक विचारले सफलता दिलाउन सक्छ।

**मीन :** आज मन शान्त राखेर निर्णय लिनुहोस्। आर्थिक लाभको नयाँ अवसर देखा पर्न सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# बकसपत्रको जग्गा विवाद, जबर्जस्ती ३० लाखको कपाली तमसुक बनाएको आरोप



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०९ गते**

सिरहाको धनगढीमाई नगरपालिका- ७ फुलकहा गाउँकी वृद्धा पवित्री महतोले ससुराले बकसपत्र गरिदिएको जिउनी जग्गा विवादमा आफ्नै देवरहरूले जबर्जस्ती कपाली तमसुक बनाएर दुःख दिइरहेको आरोप लगाएकी छिन्।

महतोा श्रीमान करिब ६९ वर्षीय महेन्द्र महतोले बाबु फुलचन महतोलाई खाने, बस्ने, औषधि-उपचार र स्याहार गरेपछि खुसी भएर बकसपत्र गरिदिएको करिब १३ कट्ठा जग्गा पाउनुपर्ने भन्दै विवाद झिकेका सहोदर भाइहरूले जबर्जस्ती ३० लाख रुपैयाँको कपाली बनाएर लेनदेनसम्बन्धी मुद्दामा फसाएको आरोप लगाए। 'मैरै घरमा बस्नुभएका बाबुको मृत्युपछि दाहसंस्कार गरी किरियामा बसेका वेला वृद्धा श्रीमतीलाई झुक्याई १५ असार ०७५ को मितिमा ३० लाख रुपैयाँको कपाली बनाएछन्,' उनले भने, 'त्यही मुद्दामा जिल्ला, उच्च हुँदै सर्वोच्च अदालतसम्म धाउँदै छु।'

**'बकसपत्रको जग्गा नपाएपछि कपाली'**

उनका अनुसार बाबु जीवित हुँदै ०७६ सालमा आफूसहित भाइहरू जोगिन्द्र, प्रमेश्वर र विन्देश्वरको पैत्रिक सम्पत्ति अंशबन्डा भएको थियो। 'आमाको निधनपछि बाबुको देखभाल, स्याहार र औषधि-उपचार भाइहरूले गरेनन्,' उनले भने, 'त्यसपछि बाबुलाई खुवाउने, स्याहार्ने र औषधि-उपचार पनि मैले नै गरेपछि खुसी भएर गाउँको तीन कित्ताको करिब १३ कट्ठा जग्गा बकस गरिदिनुभएको थियो।'

साबिक फूलकहाकट्टी २ क कि.नं. १७७३ को ४.३५ धुर, १७६७ को १० कट्ठा २.१ धुर र १७४४ को दुई कट्ठा एक धुर जग्गा बकसबापत पाएको उनले बताए। 'त्यही जग्गाबाट आफूहरूले पनि हिस्सा पाउनुपर्ने भाइहरूको माग थियो,' उनले भने, 'बाबुले दिएकोमध्ये तीन भाइलाई दुई-दुई कट्ठा जग्गा दिने विषयमा मौखिक सहमति पनि भएको थियो, तर म किरियामा बसेका वेला भाउजूलाई झुक्याएर ३० लाखको कपाली तमसुकमा सहीछाप गर्न लगाएछन्।'

१८ फागुन ०७७ मा निधन भएका बाबुको दाहसंस्कारपछि जेठो छोराको हैसियतले आफू नै किरियामा बसेका वेला तीन दिनपछि २१ फागुनको राति भाइहरू आएर विन्देश्वरले दुई वर्षअघिको मितिमा लिँदै नलिएको ३० लाख रुपैयाँको कपाली तमसुक बनाएर गएको उनले सुनाए। 'बाबुको तेह्रौं तिथिसमेत नसकिँदै जबर्जस्ती दबाब दिएर कपाली तमसुक बनाएको विषयमा भोलिपल्ट कसहा प्रहरी चौकीमा निवेदन दिएपछि प्रहरीले बोलाएको पनि हो, भाइले आउँछु भनेर समय दियो, तर २३ फागुनमा सिरहा जिल्ला अदालतमा लेनदेन मुद्दा हालेछ,' उनले भने।

त्यसको पाँच दिनपछि २८ फागुनमा पवित्रीले सिरहा जिल्ला अदालतमा आपराधिक बल प्रयोग जोरजुलुमसम्बन्धी हालेको मुद्दाको १६ असार ०७९ मा न्यायाधीश प्रकाश खरेलको इजलासले वादीको दाबी नपुग्ने अन्तिम फैसला सुनाएको थियो। उनका छिमेकी रामदुलार महतो बाबुको किरियामा बसेका वेला भाइहरूले जबर्जस्ती ३० लाख रुपैयाँको कपाली तमसुक बनाएको आफूले सुनेको बताए। 'किरियामा बसेका ठुलो बालाई रातको समयमा कुटपिट गर्ने उद्देश्यले लाठी बोकेर आएको देखेपछि मैले नै रोकेँ,' उनले भने, 'म घर गएपछि जबर्जस्ती तमसुक बनाएको भन्ने भोलिपल्ट मात्र थाहा पाएँ।'

बाँकी पृष्ठ ४ ▸▸




# ब्रह्माकुमारी रक्तदान महाअभियानमा ९९९ प्रिन्ट रक्त संकलन

## पाँच दिनमा मधेशका पाँचसहित छ जिल्लाका १७ स्थानबाट रक्त संकलन

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०९ गते**



ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र र ब्रह्माकुमारीज समाज सेवा प्रभागको आयोजनामा सम्पन्न पाँचदिने रक्तदान महाअभियानमा ९९९ प्रिन्ट रगत संकलन भएको छ।

राजयोगिनी दादी प्रकाशमणिको १९औं स्मृति दिवस तथा विश्व बन्धुत्व दिवसको अवसर पारेर ब्रह्माकुमारी राजयोग सेवा जनकपुर केन्द्रको आयोजनामा भदौ ५ देखि ९ गतेसम्म विभिन्न स्थानमा रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो।

संस्थाकी जनकपुर क्षेत्रीय प्रमुख ब्रह्माकुमारी सिर्जना दिदीका अनुसार

बाँकी पृष्ठ ४ ▸▸

## प्रधानमन्त्रीसँग प्रश्नोत्तर ..............

दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सांसदहरू समीक्षा बास्कोटा, कृष्णहरि बुढाथोकी र अमरेशकुमार सिंह छन्।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसकी प्रमुख सचेतक बासना थापा र सांसद गीता गुरुङले प्रश्न सोध्दैछन्।

नेकपा एमालेका प्रमुख सचेतक ऐनबहादुर महर र सांसद गणेशसिंह ठगुन्नाले प्रश्न सोध्नेगरी नाम टिपाएका छन्।

नेपाली कम्युनिस्ट पार्टीका सांसद् वर्षमान पुन र प्रमेशकुमार हमालले प्रश्न सोध्नेछन्।

श्रम संस्कृति पार्टी संसदीय दल नेता हर्कराज राई र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की प्रमुख सचेतक खुश्बु ओलीले प्रश्न सोध्ने छिन्।

प्रतिनिधिसभा नियमावलीको नियम ५८ मा प्रधानमन्त्रीलाई प्रश्न गर्न इच्छुक सदस्यले आफ्नो प्रश्नको विषयको लिखित जानकारी बैठक प्रारम्भ हुनुभन्दा तीन दिन अगावै सभामुखलाई गराउनुपर्नेछ।

यसअनुसार सभामुखले भदौ ५ गतेभित्रै प्रश्न लिएका हुन्।

## मधेशमा गत वर्ष ८२१ उद्योग ............

सूचना अधिकारी महतोका अनुसार गत आव २०८२/८३ मा वाणिज्यतर्फ प्राइभेट फर्म छ हजार १२२ वटा र साझेदारी फर्म १८ नयाँ दर्ता हुदाँ ११ हजार १४४ नवीकरण भएको छ।

नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरणलगायतका शीर्षकबाट रु पाँच करोड २६ लाख ४९ हजार ५६२ राजस्व सङ्कलन भएको सूचना अधिकारी महतोले बताए।

विश्वव्यापी रुपमा देखिएको आर्थिक तरलता, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभाव तथा स्थानीय तहमा पनि उद्योग दर्ता गराउने क्रम बढ्नुलगायतका कारणले उद्योगहरुको लगत कट्टा हुने सङ्ख्या बढेको छ। रासस

## १७३ संघीय सांसदले गरिसके स्वकीय सचिव नियुक्ति ............

गुणस्तर, समय पालना, अनुशासन, गोपनीयताको पालना, अध्ययन तथा अनुसन्धान क्षमता, समन्वय र सञ्चार सिप, जनउत्तरदायित्व तथा सांसदलाई प्रदान गरिएको व्यावसायिक सहयोगलाई आधार बनाइने उल्लेख छ।

साथै, स्वकीय सचिव बन्न कम्तीमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने, उम्मेदवारको उमेर कम्तीमा २१ वर्ष पुगेको हुनुपर्ने लगायतका मापदण्ड पनि तोकिएको छ।

यसैगरी नेकपा एमालेका अधिकांश सांसदले स्वकीय सचिव नियुक्त गरेका छन्।

'५/७ जना जति बाँकी छन्,' एमालेका प्रमुख सचेतक ऐनबहादुर महरले भने, 'कार्यकर्ताको चाहना धेरै हुन्छ। मिलाउनुपर्‍यो। निर्वाचन क्षेत्र हेर्नुपर्‍यो। यिनै कारणले केहीको नियुक्ति प्रक्रियामा छ।'

नेकपाले पनि सांसद्का स्वकीय नियुक्तिको काम सकिन लागेको बताएको छ। 'केहीले छान्दैछन्। अब लगभग सकिन लाग्यो,' नेकपाका प्रमुख सचेतक युवराज दुलालले भने।

**संसद्को आफ्नै मापदण्ड र प्रक्रिया**

संसद् सचिवालयले सांसदका स्वकीय सचिव नियुक्तिको जानकारी आउने क्रम जारी रहेको बताएको छ। यस पटक सांसदका स्वकीय सचिव नियुक्त हुन योग्यतामा स्नातक अनिवार्य छ।

यससम्बन्धी राजपत्रमा प्रकाशित सूचनामै भनिएको छ, 'स्वकीय सचिवको योग्यता प्रचलित कानुनबमोजिम नेपाल सरकारको सम्बन्धित श्रेणी/तहको कर्मचारीको लागि तोकिएको आवश्यक न्यूनतम योग्यतासरह हुनेछ।'

कुन तहको कर्मचारी भनेर राजपत्रमा प्रकाशित सूचनामै खुलाइएको छ। जहाँ सुविधाको किसिमअन्तर्गत सांसदका लागि प्राप्त हुने स्वकीय सचिव (राजपत्रांकित तृतीय श्रेणी) हुने भनिएको छ।

यो शाखा अधिकृत वा सो सरहको अधिकृतस्तरको पद हो।

यो पदका लागि लोकसेवा आयोगले तोकेको शैक्षिक योग्यताअनुसार स्नातक तह उत्तीर्ण गरेको हुनुपर्छ।

यसअनुसार सांसद्का स्वकीय सचिव नियुक्तिको निर्णय भए/नभएको हेरेर संसद् सचिवालयले जानकारीमा लिने र अभिलेख राखेको छ।

यही साउन ४ गते नै यससम्बन्धी सूचना राजपत्रमा प्रकाशित भएको हो। लगत्तै ५ साउनमा संसद् सचिवालयले सूचना निकालेर स्वकीय नियुक्तिका लागि आह्वान गरेको थियो। सोही बेलादेखि सांसदहरूका लागि स्वकीय सचिव नियुक्तिको बाटो खुला भएको हो।

तर, स्वकीय सचिव नियुक्तिको बाटो खुला भएको एक महिना बितिसक्दा समेत झण्डै आधा सांसदले स्वकीय सचिव राख्न बाँकी छ।

सांसदहरूले स्वकीय सचिव नियुक्तिका लागि दलहरूले मापदण्ड तय गरेका छन्। प्रचलित ऐनले पनि यसका निश्चित विधि तय गरेको छ।

नियुक्त गरिसकेपछि संसद् सचिवालयलाई जानकारी दिने संसद्को आफ्नै प्रक्रिया छ।

जसअनुसार सांसदले स्वकीय सचिव नियुक्ति गरेपछि यससम्बन्धी फारम भरेर संसद् सचिवालयमा बुझाउनुपर्छ। संसद् सचिवालयले 'स्वकीय कर्मचारी र परिचारक नियुक्तिका लागि भर्नुपर्ने फारम विवरण' वेबसाइटमै राखेको छ।

जसअनुसार सांसदहरूले संसद् सचिवालयका महासचिवलाई सम्बोधन गरेर फारम भर्नुपर्छ।

जसमा संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३ बमोजिम आफ्नो स्वकीय कर्मचारी परिचारक नियुक्त गरेको भनेर स्वकीय सचिवको नाम लेख्नुपर्छ। साथै, त्यसरी नियुक्त गरेको स्वकीय सचिवको परिचयपत्र बनाइदिन र पारिश्रमिकको व्यवस्था गरिदिन अनुरोध गर्नुपर्छ।

विवरणमा स्वकीय सचिवको नाम र थर, जन्ममिति भर्नुपर्छ। फोटो साथमा राख्नुपर्छ। लैंगिकता खुलाउनुपर्छ। नागरिकता नम्बर, नागरिकता जारी भएको जिल्ला, प्रदेश, स्थानीय तह र वडा खुलाउनुपर्छ।

यसैगरी, अस्थायी ठेगाना पनि खुलाउनुपर्छ। शैक्षिक योग्यता खुलाउनुपर्छ। अनि नियुक्त भएको पद खुलाउनुपर्छ। स्वकीय सचिवले सोही पद खुलाउने गरी फारम तयार छ। स्वकीय सचिव परिवर्तन गरेपछि वा हटाउनुपरेको अवस्थामा त्यससम्बन्धी विवरण भर्ने गरीसमेत फारम व्यवस्थित गरिएको छ।

नियुक्ति मिति कहिले हो, पारिश्रमिक प्राप्त गर्ने बैंकको नाम के हो, खाता नम्बर कति हो त्यो पनि खुलाउनुपर्छ। साथै, स्वकीय सचिवले स्थायी लेखा नम्बर, मोबाइल नम्बर, वैवाहिक स्थिति पनि खुलाउनुपर्छ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## मोहम्मद जयन्तीमा बुधबार मुस्लिम धर्मावलम्बीलाई सार्वजनिक बिदा

अपन दैनिक संवाददाता
सिरहा, भदौ ०९ गते

सरकारले मोहम्मद जयन्तीका अवसरमा बुधबार नेपाली मुस्लिम धर्मावलम्बीका लागि सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

गृह मन्त्रालयले मंगलबार सार्वजनिक बिदासम्बन्धी सूचना जारी गर्दै २०८३ भदौ १० गते बुधबार मोहम्मद जयन्ती परेको जानकारी प्राप्त भएकाले उक्त दिन नेपाली मुस्लिम धर्मावलम्बीका लागि सार्वजनिक बिदा दिने निर्णय भएको जनाएको छ।

मन्त्रालयका अनुसार नेपाल राजपत्रमा प्रकाशित सूचनामा मोहम्मद जयन्तीका दिन नेपाली मुस्लिम धर्मावलम्बीका लागि सार्वजनिक बिदा दिने व्यवस्था रहेको छ। सोही व्यवस्थाअनुसार मुस्लिम आयोगबाट भदौ १० गते मोहम्मद जयन्ती परेको जानकारी प्राप्त भएपछि बिदासम्बन्धी निर्णय गरिएको हो।

गृह मन्त्रालयका सहसचिव तथा प्रवक्ता आनन्द काफ्लेद्वारा जारी सूचनामा मोहम्मद जयन्तीको अवसरमा सम्पूर्ण मुस्लिम धर्मावलम्बीमा शुभकामनासमेत व्यक्त गरिएको छ।

## ब्रह्माकुमारी रक्तदान महाअभियानमा ९९९ प्रिन्ट रक्त ...........

अभियान अन्तर्गत सिरहाबाट २४१, धनुषाबाट ५०, महोत्तरीबाट २८६, सर्लाहीबाट २५०, उदयपुरबाट ११७ र सिन्धुलीबाट ५५ प्रिन्ट रगत संकलन भएको हो।

जनकपुर सेवा आश्रमअन्तर्गत सिरहामा सदरमुकाम सिरहा, बन्दीपुर, गोलबजार, सगरमाथा चौधरी आँखा अस्पताल लहान तथा ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र भवन लहानमा रक्तदान कार्यक्रम सञ्चालन गरिएको ब्रह्माकुमारी युवा प्रभाग जनकपुर क्षेत्रीय संयोजक ब्रह्मकुमार बबिन भाइले जानकारी दिए।

त्यसैगरी धनुषाको जनकपुरधाम, महोत्तरीको बर्दिबास र गौशाला, सर्लाहीको सोल्टी र हरिवन, सिन्धुली सदरमुकाम तथा उदयपुरको गाईघाटमा पनि रक्तदान कार्यक्रम आयोजना गरिएको थियो। अभियानअन्तर्गत छ जिल्लाका १७ स्थानमा रक्तदान कार्यक्रम सञ्चालन गरिएको आयोजकले जनाएको छ।

क्षेत्रीय प्रमुख सिर्जना दिदीले रक्तदान स्वेच्छिक सेवाको उत्कृष्ट माध्यम भएको बताउँदै समाजसेवाको भावनाले विभिन्न स्थानमा रक्तदान स्थल निर्धारण गरिएको जानकारी दिइन्। उनका अनुसार सबै स्थानमा उत्साहजनक सहभागिता देखिएको थियो।

"दान भनेको स्वेच्छाले गर्ने कार्य हो। सेवा गर्न सबैले अवसर पाउन् भन्ने उद्देश्यले विभिन्न ठाउँमा रक्तदान स्थल कायम गरेका थियौं," उनले भनिन्। उनले एक व्यक्तिले दिएको एक प्रिन्ट रगतबाट तीन जनासम्मको जीवन बचाउन सहयोग पुग्ने बताउँदै रक्तदानलाई मानवीय सेवाको महत्वपूर्ण कार्यका रूपमा लिनुपर्नेमा जोड दिइन्।

ब्रह्माकुमारी संस्थाले शान्ति, आध्यात्मिक ज्ञान, योग तथा ध्यानसँगै मानवीय सेवाका गतिविधिलाई पनि प्राथमिकता दिँदै आएको जनाएको छ। रक्तदान महाअभियान पनि यही सेवाभावलाई समाजमा विस्तार गर्ने उद्देश्यले आयोजना गरिएको आयोजकको भनाइ छ।

अभियानबाट संकलित रगत सम्बन्धित रक्तसञ्चार केन्द्रमार्फत आवश्यक परेका बिरामीका लागि प्रयोग हुने आयोजकले जनाएको छ।




## मधेशवादी दललाई सरकार बाहिर राख्न कांग्रेस, एमाले ...........

छैन्। मधेशवादी दलहरूले विगत ८ वर्षदेखि मधेश प्रदेश सरकार चलाए, तर संघीयतामाथि नै प्रश्न उठन थाल्यो। त्यसले गर्दा अब कांग्रेस, एमाले र नेकपाले मिलेर सरकार चलाउँछन्।'

मधेशवादी दलको नेतृत्वमा सरकार हुँदा मधेशमा थुप्रै बेथिति जन्मेको दाबी गर्दै उनले मधेशवादी दलले सरकार चलाउन नसकेकै कारण कांग्रेसले नेतृत्व लिएको बताए।

एमालेका नेता तथा मधेश प्रदेशका इन्चार्ज लीलानाथ श्रेष्ठले जसपा नेपाल सरकारका लागि तयार नभएको कारण मधेशमा कांग्रेस, एमाले र नेकपा मिलेर सरकार सञ्चालन गरेको बताए।

श्रेष्ठका अनुसार अहिले जसपा नेपाल पार्टीभित्रै विवाद छ। जसपा नेपाल र लोसपा नेपालबिच एकता भए पनि सरकार कसको नेतृत्वमा बनाउने, सरकारमा जाने कि नजाने जस्ता विषयमा दलभित्र सहमति नबनेको कारण कांग्रेसको नेतृत्वमा सरकार चलिरहेको उनले बताए। एमालेले जसपा नेपाललाई समेटेर सरकार बनाउन चाहे पनि जसपा नेपाल नै तयार नभएका कारण कांग्रेस नेतृत्वको सरकारलाई निरन्तरता दिनु परेको उनको भनाइ छ।

कांग्रेस-एमाले गठबन्धन कांग्रेसको कारण भत्किएको बताउँदै श्रेष्ठले सुदूरपश्चिम लगायतका प्रदेशमा कांग्रेस एकोहोरो ढङ्गले अघि बढ्न थालेपछि एमाले बाध्य भएर अर्को गठबन्धन बनाउन अग्रसर भएको प्रस्ट पारे।

कांग्रेस नेता महेन्द्र यादव यसमा सहमत छैनन्। 'देशका तत्कालीन सबभन्दा ठूलो दुई दल मिलेको कारण आलोचना भइरहेको थियो। दुई ठूला दल मिल्नु हुँदैनथ्यो भन्ने धेरैको भनाइ थियो। यो राजनीतिक सिद्धान्त विपरीत पनि थियो। त्यही भएर प्रदेशमा एउटा बलियो प्रतिपक्षी होस् भनेर नै कांग्रेस अलग भएको हो,' उनले भने। मधेशमा भने अन्य प्रदेशको अवस्था भन्दा फरक समीकरण रहेको उनले प्रस्ट पारे।

कांग्रेस-एमालेको गठबन्धन भत्किने बित्तिकै मधेशमा जसपा नेपालले सरकार बनाउने गृहकार्य सुरु गरेको थियो। जसपा नेपाललाई एमालेले साथ दिने आश्वासन पनि दिएको थियो, तर त्यतिबेला जसपा नेपालभित्रै कुरा मिलेको थिएन।

जसपा नेपाल र लोसपाबिच एकता भए पनि समायोजको काम बाँकी थियो। त्यसले गर्दा सरकार गठनमै झमेला भइरहेको थियो। निर्वाचन आयोगबाट पार्टी एकताको आधिकारिक पत्र पनि प्रदेशमा पुगेको थिएन।

त्यसपछि एमालेले बाध्य भएर कांग्रेसलाई साथ दिने निर्णय गऱ्यो। यता, केन्द्रमै पनि मधेश प्रदेशको हकमा गठबन्धन नतोड्ने कांग्रेस-एमालेबिच सहमति भएको छ। अरु ठाउँमा गठबन्धन तोडे पनि मधेश प्रदेशमा सरकारलाई निरन्तरता दिने, त्यहाँको सरकार नचलाउने दुई दलको बिचमा सहमति भएको स्रोतले दाबी गरेको छ।

दुई दलबिच भएको यस्तो सहमति थाहा पाएर नै जसपा नेपालले समेत प्रदेश सभाको अर्को चुनावसम्म सरकारमा नजाने निर्णय गरेको छ। जसपा नेपाल त्यो निर्णयमा काम रहेमा मधेश प्रदेशमा कांग्रेस, एमाले र नेकपाकै नेतृत्वमा सरकार रहने लगभग निश्चित छ।

उता लुम्बिनी प्रदेशमा एमाले नेतृत्वको सरकारमा जसपा नेपालबाट दुई जना मन्त्री सहभागी भएका छन्। आफ्ना पार्टीका मन्त्रीहरूलाई सरकारमा सहभागी गराएको भनेर जसपा नेपालले एमालेप्रति आपत्ति जनाइसकेको छ। जसपा नेपालले सरकारबाट फिर्ता हुन आफ्ना मन्त्रीलाई पत्र पनि पठाएको छ, तर जसपा नेपालका ती नेताहरू सरकारबाट बाहिरिएका छैनन्।

## नेकपाको आरोप- मिटरब्याज पीडितलाई न्याय दिन सरकार गम्भीर बन्न सकेन




अपन दैनिक संवाददाता
जनकपुरधाम, भदौ ०९ गते

नेपाली कम्युनिस्ट पार्टीका नेता तथा पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याज पीडितलाई न्याय दिलाउन विगतमा भएका सहमति र निर्णय कार्यान्वयन गर्न सरकार गम्भीर बन्नुपर्ने बताएका छन्।

दिवंगत नेता राजकिशोर मण्डलको श्रद्धाञ्जली सभामा बोल्दै श्रेष्ठले ऋणको नाममा चर्को ब्याज असुल्ने, ऋणभन्दा कैयौं गुणा बढी रकमको तमसुक बनाउने र घरजग्गा हडप्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने बताए। उनले न्यायोचित ब्याजसहित ऋण चुक्ता गरेपछि पीडितलाई तमसुक र घरजग्गा फिर्ता गर्ने व्यवस्था हुनुपर्नेमा जोड दिए।

'न्यायोचित ब्याजसहित ऋण तिरेपछि तमसुक र घरजग्गा फिर्ता हुनुपर्छ। ऋण तिर्ने नाममा घरबार उठिबास गराउने र किर्ते कागज बनाउने काम हुनुहुँदैन,' श्रेष्ठले भने।

श्रेष्ठले आफू सरकारमा रहँदा मिटरब्याज पीडितको समस्या समाधानका लागि आयोग गठन, कानुन निर्माण र सहजीकरण समिति बनाएर केही हजार पीडितलाई न्याय दिलाउने काम गरिएको दाबी गरे। तर सरकार परिवर्तनसँगै उक्त अभियान रोकिएको र पीडितहरू पुनः आन्दोलनमा आउन बाध्य भएको उनको भनाइ छ।

विगतमा मिटरब्याज पीडितसँग भएका सम्झौता र सहमति कार्यान्वयन नभए उनीहरू फेरि न्यायका लागि संघर्षमा उत्रिनुपर्ने अवस्था आउन सक्ने श्रेष्ठले चेतावनी दिए।

उनले मिटरब्याजको समस्या दीर्घकालीन रूपमा समाधान गर्न रोजगारी र नागरिकको आय वृद्धि गर्नुपर्ने बताए। साथै, सर्वसाधारणले सहज रूपमा औपचारिक वित्तीय संस्थाबाट ऋण पाउने वातावरण बनाउनुपर्नेमा उनले जोड दिए।

## गागनखोलामा वृद्धाको शव ............

परिवारका सदस्यहरू घटनास्थलमा आएको शव पहिचान गर्ने काम भइरहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार गोलबजारस्थित इलाका प्रहरीबाट करिब चार किलोमिटर दक्षिण-पूर्व रहेको घटनास्थलमा रहेको प्रहरी टोलीले आवश्यक कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि पठाइने तयारी गरिएको छ।

घरायसी विवादपछि घरबाट हिँडेकी भनिएकी वृद्धा गाउँनजिकै पर्ने चोहर्वा, त्यहाँदेखि पूर्व दिशामा रहेको गोलबजार हुँदै गागनखोला किनारसम्म कसरी पुगिन् र के कारणले मृत्यु भयो भन्ने विषयमा अनुसन्धान थालिएको जनाइएको छ।

## न्युजिल्यान्डका अलराउन्डर जिम्मी निसमले फेरि ............

बोल्ट्स।

तर दोस्रो सिजनमा जनकपुरसँग क्याप खेलाडीको कोटा रहेको थिएन्। त्यसपछि उनी पोखरा एभेन्जर्स लागेका थिए। ४ खेलमात्र खेलेका उनले एक अर्धशतकसहित ९९ रन बनाउनुका साथै ५ विकेट लिएका थिए।

निसम यसपटक टेस्ट कोटामै जनकपुरबाट खेल्ने छन्। उनले न्युजिल्यान्डबाट १२ टेस्ट, ७६ एकदिवसीय अन्तर्राष्ट्रिय र १ सय ५ टी-२० अन्तर्राष्ट्रिय खेलिसकेका छन्। फेब्रुअरीमा उनले न्युजिल्यान्डबाट भारतविरुद्ध टी-२० विश्वकप फाइनल खेलेका थिए।

उनले विश्वव्यापी फ्रेन्चाइज लिग खेल्दै आएका छन्। निसमले दिल्ली डेरडेभिल्स, पञ्जाब किंग्स, मुम्बई इन्डियन्स, राजस्थान रोयल्सबाट इन्डियन प्रिमियर लिग खेलेका छन् भने लंका प्रिमियर लिग, भाइटालिस्ट ब्लास्ट, बंगलादेश प्रिमियर लिग, यूएईको आइएल टी-२०, पाकिस्तान सुपर लिग, साउथ अफ्रिका टी-२०, द हन्ड्रेड, बिग बास लिग, क्यारेबियन प्रिमियर लिग खेलेका थिए। दुई वर्ष अगाडि जनकपुरलाई च्याम्पियन बनाउनु उनको फ्रेन्चाइज क्रिकेटमा पहिलो उपाधि थियो।

## बकसपत्रको जग्गा विवाद, जबर्जस्ती ३० लाखको कपाली ............

**उच्च हुँदै सर्वोच्चसम्म धाउँदै**

जिल्ला अदालतले अन्तिम फैसलामा प्रतिवादीहरूले जबर्जस्ती कपाली तमसुकमा सहीछाप गराएको भन्ने फिराद दाबीजस्तो गम्भीर विषयमा शान्ति सुरक्षासँग सम्बन्धित निकायमा उजुरी नदिएको विषयलाई मुख्य आधार बनाएको छ। त्यससँगै प्रतिवादीहरूले जबर्जस्ती नगरेको बरु लिएको ऋण तिर्नु नपरोस् भन्ने मनसाय रहेको भन्ने जिकिरको आधारमा फैसला सुनाएपछि वृद्धदम्पतीले १६ कात्तिक ०७९ मा उच्च अदालत जनकपुर राजबिराज इजलासमा पुनरावेदन गरेका थिए।

उक्त पुनरावेदनसम्बन्धी न्यायाधीशद्वय वामदेव ज्ञवाली र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलासले ११ फागुन ०८१ मा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरु जिल्ला अदालतले गरेको फैसला मिलेको देखिँदा सदर ठहर हुने र पुनरावेदक वादीको जिकिर नपुग्ने फैसला सुनाएको थियो। पुनरावेदनको फैसलापछि वृद्ध महेन्द्र श्रीमतीको वारेसमा मुद्दा दोहोऱ्याइपाऊँ भन्ने माग दाबीसहित ०८२ भदौमा सर्वोच्च अदालत पुगेका छन्।

